बैठक संख्या ३ समयः विहान ११ बजे बैठक मिति २०८२।०७।१९

आज मिति २०८२ साल कार्तिक १९ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामी ज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रित:

CamScanner

तपसिलः

<u>प्रस्तावहरुः</u>

१. मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने सम्बन्धमा।

२. शिक्षा समितिमा सदस्य मनोनयन गर्ने सम्बन्धमा।

३. सामुदायिक विद्यालय, स्वास्थ्य सस्था तथा संघ सस्थाहरुको लेखापरीक्षक नियुक्त गर्ने सम्बन्धमा।

४. लेखा परीक्षकको सेवा सुविधा निर्धारण गर्ने सम्बन्धमा।

५. कार्यविधिहरु संशोधन गर्ने सम्बन्धमा।

६. IEA तथा DPR गर्ने सम्बन्धमा।

७. होपरीगाड प्रथम लघु जलविद्युतको नेट मिटरिङ सम्बन्धमा।

८. मलेपको प्रारम्भिक प्रतिवेदनमा छलफल सम्बन्धमा।

९. शाखाहरु समायोजन गर्ने सम्बन्धमा।

१०. बहुक्षेत्रीय पोषण कार्यक्रमको बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने सम्बन्धमा।

११. रकमान्तर सम्बन्धमा।

१२. विविध।

माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:

निर्णय नं १ मर्मत सम्भार कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०८२ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं २ नौगाड गाँउपालिकाको शिक्षा ऐन २०७९ को दफा ९ को उपदफा १ (ङ) बमोजिमको सदस्यमा श्री जनहित मावि धुलिगाडाका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष श्री बिरेन्द्र सिह धामी लाई मनोनित गर्ने र ऐ ऐनको १ (च) बमोजिमको सदस्यहरुमा श्री गंगा कुमारी महतरा (गायत्री) नौगाड-२ र श्री धौल सिह ठगुन्ना नौगाड-३ लाई मनोनय गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ३ आर्थिक वर्ष २०८१/८२ को लागि सामुदायिक विद्यालयहरु स्वास्थ्य सस्थाहरु र संघ सस्थाहरुको लेखा परीक्षण गर्न गोविन्द बल्लभ भट्ट एण्ड एसोसिएट्स भीमदत्त- लाई लेखापरीक्षक नियुक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ४ नौगाड गाउँपालिकाका स्वास्थ्य संस्थाहरुको लेखापरीक्षण विगत देखिनै नभएको देखिन आएकोले स्वास्थ्य सस्थाहरुको लेखापरीक्षण गर्दा प्रति स्वास्थ्य सस्था प्रति आर्थिक वर्ष रु १००० पारिश्रमिक उपलव्ध गराउने र अन्य सस्थाहरुको समेत लेखा परीक्षण गर्दा रु १००० प्रति आर्थिक वर्ष विविध खर्चबाट उपलव्ध गराउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५   नौगाड गाउँपालिकाका तपसिल अनुसारका कार्यविधिहरुमा तपसिल बमोजिम संशोधन तथा थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

तपसिल

| क स | कार्यविधिको नाम | दफा | संशोधन भएको व्यहोरा |
|---|---|---|---|
| १ | नौगाड गाउँपालिका अविवाहित महिला तथा एकल पुरुष भत्ता वितरण सम्बन्धी कार्यविधि २०७९ | दफा ३ (ग) संशोधन | पुरुषको हकमा (दलितलाई ५५ देखि ६० र गैर दलितलाई ६० देखि ७० वर्ष सम्म) |
| २ | उपाध्यक्ष कोशेली कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि २०७९ | दफा २ (ग) संशोधन | कोशेली भन्नाले १ केजि मह, १ केजी घिउ र २ केजी स्थानीय दाललाई सम्झनु पर्ने छ। |
| | | दफा ४को ५.६ थप गर्ने | उपाध्यक्ष कोसेली कार्यक्रमलाई वहुक्षेत्रीय पोषण कार्यक्रम सँग साझेदारी गरि सञ्चालन गर्न सकिने छ। |

निर्णय नं ६   चालु आर्थिक वर्षमा तपसिल अनुसारका आयोजनाहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEA) र विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार गर्न कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

| क स | आयोजनाको नाम | ठेगाना | तयार गर्नुपर्ने | | कैफियत |
|---|---|---|---|---|---|
| १ | जामिर साङपाङ इयरकोट सडक आयोजना | नौगाड ३ र १ | IEA | | |
| २ | सुकेखोला पनढुङ्गा सडक निर्माण आयोजना | नौगाड ६ | IEA | | |
| ३ | धुलिगडा डाडा सडक आयोजना | नौगाड ६ | IEA | | |
| ४ | भरबगे रैचु सडक आयोजना | नौगाड ६ | IEA | | |
| ५ | दल्लेख गोधानी डेउलाड सडक आयोजना | नौगाड २ र ३ | IEA | DPR | |
| ६ | सिप्टि भिड ग्रामिण सडक आयोजना | नौगाड ५ | IEA | DPR | |
| ७ | होपरी घोरकट्टया सडक आयोजना | नौगाड ४र ३ | IEA | DPR | |
| ८ | समैजी मावि शौकेवगरको विद्यालय भवन | नौगाड ५ | Soil Test | DPR | |
| ९ | बहुउद्देश्यीय रंगशाला निर्माण आयोजना | नौगाड ४ | | DPR | जग्गाप्राप्त भएमा |

निर्णय नं ७ होपरीगाड प्रथम लघु जलविद्युत आयोजना बाट उत्पादित विद्युत राष्ट्रिय प्रशारण लाईनमा जोडन आवश्यक पूर्वाधार निर्माण ( नेट मिटरिङ्ग) गर्नमा साझेदारी गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ८ गत आर्थिक वर्ष २०८१/८२को मलेपको प्रारम्भिक प्रतिवेदनमा छलफल गरियो र बेरुजु उल्लेख गरेका विषयमा चालु आवमा नदोहर्याउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ९ नौगाड गाउँकार्यपालिकाको कार्यालयमा रहेका वन शाखा र विपद व्यवस्थापन इकाइ लाई समायोजन गरी वन, वातावरण तथा विपद व्यवस्थापन शाखा बनाउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं १० चालु आर्थिक वर्ष २०८२।८३ को लागि वहुक्षेत्रीय पोषणको लागि पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिबाट सिफारिस भइ आएको बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

बहुक्षेत्रीय पोषण कार्यक्रम, वार्षिक क्रियाकलाप योजना

पालिकाको बजेट : ४०००००(चार लाख) | कार्यक्रमको बजेट : ३००००००(तीस लाख) | जम्मा बजेट:३४०००००(चौतीस लाख)

आ.व, : २०८२/०८३

| क्र.स. | विषयगत क्षेत्र | क्रियाकलापको नाम | लक्षित वर्ग | क्रियाकलाप | पटक | प्रति क्रियाकलाप बजेट | जम्मा बजेट | बजेटको स्रोत | | कार्यान्वयन हुने वडाहरु | लाभान्वित संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | स्थानीय सरकार | नेपाल सरकार (इ.यु.) | | |
| १ | स्वास्थ्य | धातु आर्थिक वर्षमा सुत्केरी भएका महिलाहरुलाई स्थानीय उत्पादनमा(घ्यु मह अण्डा र गेडागुडी) आधारित पोसिलो आहार वितरण कार्यक्रम | धातु आवधा सुत्केरी भएका महिला | २०० | १ | ३००० | ६००००० | २००००० | ४००००० | ६ वटा वडाहरु | २५० |
| २ | कृषि तथा पशुपालन | खाद्य बिबिधिता ,स्थानीय तथा रैथाने बालि प्रवर्धन, रैथाने बालीका खाना परिकार र असल खानपान सम्बन्धि तालिम | सुनौला हजार दिनका महिला र आमा समूह | ६ | १ | २५००० | १५०००० | ० | १५०००० | ६ वटा वडाहरु | १४४ |
| ३ | महिला तथा बालबालिका | बिपन्न तथा गरिब सुनौला हजार दिनका, महिलाहरुका लागि पोषण सुधार आयआर्जन अनुदान कार्यक्रम | सुनौला हजार दिनका बिपन्न समुदायका महिलाहरु | १ | १ | ६२५००० | ६२५००० | ० | ६२५००० | १ वटा समुहमा | २५ |
| ४ | महिला तथा बालबालिका | पोषण सुधारको लागि सासुबुहारी अन्तर्क्रिया कार्यक्रम | | ६ | १ | २५००० | १५०००० | ५०००० | १००००० | | १२५ |
| ५ | महिला तथा बालबालिका | लैंगिक हिंसा बाल विवाह छाउपडी लगायतका हानिकारक सामाजिक अभ्यास रोकथामको जनचेतनामूलक कार्यक्रम | लक्षित महिला | २ | १ | २५००० | ५०००० | ० | ५०००० | | ३० |
| ६ | शिक्षा | विद्यालय कक्षामा पोषण सचेतना र सरसफाई तथा स्वच्छता सम्बन्धि मासिक कक्षा संचालन (विद्यालय नर्स वा स्वास्थ्य कार्यकर्ता) | विद्यार्थीहरु | १४ | १ | ३००० | ४२००० | ० | ४२००० | १४ वटा विद्यालयहरुमा | १४०० |
| ७ | शासकीय प्रबन्ध | पोषण स्रोत व्यक्ति तथा स्वयम्सेवक हरुको क्षमता विकास तालिम ,गोष्ठी संचालन | पोषण स्रोत व्यक्ति तथा सहजकर्ताहरु | १ | २ | १२००० | २४००० | २४००० | ० | जिल्ला समन्वय समितिहरु | १ |
| ८ | शासकीय प्रबन्ध | पोषण सम्बन्धि स्थानीय स्तरमा काम गर्ने सरोकारवालाहरुलाई योजनातर्जुमा ,प्रगति समिक्षा तथा अनुगमन सम्बन्धि बैठक संचालन | सम्पूर्ण सरोकारवालाहरु | १ | १ | १८००० | १८००० | ० | १८००० | पालिकामा | ३३ |
| ९ | शासकीय प्रबन्ध | पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक संचालन | निर्देशक समिति | १ | २ | ५०००० | १००००० | ० | १००००० | पालिकामा | ३० |
| १० | शासकीय प्रबन्ध | पोषण मैत्री नमुना गाउ कार्यक्रम संचालन (लक्षित कार्यक्रम संचलन भएका पालिका मात्र) | बिपन्न समुदायहरु | १ | १ | ८००००० | ८००००० | ० | ८००९०० | छनोट परेको वडामा | ३४ |
| ११ | शासकीय प्रबन्ध | पोषण सहजकर्ता पोशाक खर्च | पोषण सहजकर्ता | १ | १ | १०००० | १०००० | ० | १०००० | पोषण सहजकर्ता | १ |
| १३ | शासकीय प्रबन्ध | पोषण सहजकर्ता पारिश्रमिक | पोषण सहजकर्ता | १ | १३ | ३३००० | ४२९००० | ९४००० | ३३५००० | पालिका | १ |
| १४ | शासकीय प्रबन्ध | वडा स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक संचालन | निर्देशक समिति | ६ | १ | १२००० | ७२००० | ३२००० | ४०००० | ७ वटा वडाहरु | १५० |
| १५ | शासकीय प्रबन्ध | पोषण पर्व चित्र निर्माण सम्बन्धि वडा स्तरीय गोष्ठी | वडा निर्देशक समिति | ६ | १ | १०००० | ६०००० | ० | ६०००० | | १५० |
| १६ | कृषि तथा पशुपालन | आमा समुहमा पोषिलो जाउलो तयारी तथा प्रदर्शनी | स्थानिय आमा समुह | ६ | १ | २०००० | १२०००० | ० | १२०००० | आमा समूह | २५० |
| १७ | कृषि तथा पशुपालन | वडा स्तरीय पोषण बगैंचा सम्बन्धि एक दिने तालिम संचालन र बिउ सहयोग | कृषक समुह | ६ | १ | २५००० | १५०००० | ० | १५०००० | ६ वडाहरु | ६० |
| | | जम्मा कार्यक्रम | | २५९ | ३० | | ३४००००० | ४००००० | ३०००००० | | २६८४ |

तयार पार्ने : | पेश गर्ने : | स्वीकृत गर्ने :